प्रदेश प्रमुख

नेपाल सरकार
प्रदेश प्रमुखको कार्यालय
गण्डकी प्रदेश, पोखरा

गण्डकी प्रदेश
पोखरा नेपाल
फोन नं. ०६१-५७०८८३

# अन्तर्राष्ट्रिय महिला दिवस २०८२ को शुभकामना

विश्वभरका श्रमिक महिलाहरुको महान दिन ११६ औं अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा देश विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा महिला अधिकारकर्मीमा सुख, शान्ति, समृद्धि, उत्तरोत्तर प्रगतिको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

महिलाको हकअधिकारका साथै सर्वाङ्गिण विकासका लागि आवाज उठाउने दिनको स्मरण गर्दै प्रत्येक वर्ष ८ मार्चलाई अन्तर्राष्ट्रिय महिला दिवसका रुपमा मनाउने गरिन्छ । लैंगिक समानता, महिला सशक्तीकरण, महिला अधिकारको सुनिश्चितता, सर्वाङ्गीण विकासका साथै उनीहरुको आवश्यकताका लागि सामाजिक जागरण ल्याउन यो दिवसको विशेष महत्व रहेको छ ।

इतिहासका खास-खास कालखण्डमा नेपाली महिलाहरुले देखाएको अदम्य साहस, कठिन संघर्ष र बलिदानका कारण यी उपलब्धि हासिल भएका छन् । राज्यका हरेक निकायमा समानुपातिक, समावेशी र सहभागितामूलक सहभागिताको हक सुनिश्चित भएको छ । आन्दोलनमा अघि रहेका महिलाहरू अधिकारमा सधैं पछि परेको अवस्थामा नयाँ संविधानले प्रत्येक महिलालाई समान हकलगायतका अधिकार सुनिश्चित गरेको छ ।

महिलामा आएको जागरणले राजनीतिमा मात्र होइन, राज्यको हरेक क्षेत्रमा उनीहरूको सहभागिता बढेको छ। संविधान कार्यान्वयनसँगै जननिर्वाचित निकाय, सरकारी सेवा, रोजगारी, स्वास्थ्य, शिक्षालगायतका विविध क्षेत्रमा महिलाको पहुँच र सहभागिता बढ्दै गइरहेको मैले महसुस गरेको छु । मुलुकको राष्ट्रपति, प्रधानमन्त्रीका साथै व्यवस्थापिका, न्यायपालिका जस्ता राज्यको उच्च आसनमा महिलाहरू पुगेका छन्।

यद्यपी, राज्यका हरेक तहमा ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित गरेपनि भुइँ मान्छेहरुले अझै त्यसको अनुभूति गर्न नसकेको अवस्था पनि छ । महिलामाथि हुने हिंसा र अन्याय त्यसको बाधक हो । महिलाविरुद्ध हुने सबै खाले हिंसाको अन्त्यका लागि आम नागरिकलाई जागरुक गराउन अन्तर्राष्ट्रिय महिला दिवसले सहयोग पुऱ्याउने विश्वास लिएको छु ।

अन्त्यमा, अन्तर्राष्ट्रिय महिला दिवसले महिला स्वतन्त्रता, समानता, सामाजिक न्याय स्थापित गर्न थप उर्जा, उत्साह एवं प्रेरणा प्रदान गर्नेछ भन्ने शुभकामना व्यक्त गर्दछु ।

२०८२ फागुन २४ गते, आइतबार ।
ने.सं. ११४४ चिल्लागा पञ्चमी-२० ।

डिल्लीराज भट्ट
प्रदेश प्रमुख

प्रदेश प्रमुख